नोबेल साकोसद्वारा सम्मान

सुन्दरहरैंचा(उस)/ नोबेल साकोस साहित्यिक संस्था विराटनगर शाखाले मासिक रचना वाचन तथा सम्मान कार्यक्रम गरेको छ ।

विराट साहित्य संगमका अध्यक्ष मधु पोखरेल प्रमुख अतिथि रहेको उक्त कार्यक्रममा राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष एवम् वैज्ञानिक महावीर पुन, अग्रज स्रष्टा बलराम पोखरेल, प्राज्ञ खेम नेपाली, मुक्तक प्रतिष्ठानका अध्यक्ष बाबुराम पोखरेल, झोराहाट नाट्य समूहका अध्यक्ष एवम् कवि भरत गुरागाईं बर्बरिक, लेखक तथा अनुसन्धाता केशु विरही, छन्द बाटिकाका अध्यक्ष हरि कट्टेललगायतका उपस्थिति रहेको थियो । कार्यक्रममा भवानीप्रसाद पोखरेल, उमानाथ भट्टराई, गोपाल निर्भीक, शिवपसाद पण्डित सिङ्गल, नवराज पोखरेल नवशिला, भूपाल अधिकारी, हरिप्रसाद बराल, नानुमैया दाहाललगायतले रचना वाचन गरेका थिए । कार्यक्रममा राष्ट्रिय आविष्कार केन्द्रका सञ्चालक महावीर पुनलाई सम्मान गरिएको संस्थाका अध्यक्ष मञ्जु घिमिरे दाहालले जानकारी दिइन् ।

सेवाका सारथीको लोकार्पण

सुन्दरहरैंचा(उस)/शिक्षाविद् तथा समाजसेवी रामप्रसाद काफलेको जीवनीमा आधारित पुस्तक 'सेवाका सारथी'को कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले लोकार्पण गरेका छन् । मोरङको सुन्दरहरैंचा-५ नयाँ वृन्दावन गौशालामा आयोजित एक समारोहमा मुख्यमन्त्री कार्कीले पुस्तकको लोकार्पण गरेका हुन् ।

कार्यक्रममा नगरप्रमुख केदारप्रसाद गुरागाईं, पूर्वराज्यमन्त्री राजकुमार ओझा, प्रा.डा.टंकप्रसाद न्यौपानेलगायतको उपस्थिति रहेको थियो । काफले सुकुना बहुमुखी क्याम्पसका संस्थापक क्याम्पस प्रमुख हुन् । उनी तत्कालीन दुलारी आदर्श गाउँ पञ्चायतको दुई

कार्यकाल प्रधानपञ्च समेत भएका थिए । नयाँ वृन्दावन गौशालाकी अध्यक्ष गंगादेवी काफले प्रकाशक रहेको उक्त पुस्तक बिक्रीबाट हुने आम्दानी नयाँ वृन्दावन गौशालाको कोषमा राखिने गौशालाका संस्थापक संरक्षक दीनबन्धु शास्त्रीले जानकारी दिए ।

गोल्ड सिल्भर मार्ट
राठीको सुन पसल
ठाकुरबाडी रोड, रामजानकीपथ, विराटनगर
यहाँ अर्डर बमोजिम सुनचाँदीका गरगहना बनाउनुका साथै तयारी गहना पनि बिक्री गरिन्छ ।
शिवरतन आशकरण राठी
नोट : हाम्रो कुनै पनि शाखा छैन । फोन नं : ०२१-१५७०८५६

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, कोशी प्रदेश, नेपाल

संस्थागत विद्यालयको नाम परिवर्तन सम्बन्धी विराटनगर महानगरपालिकाको सूचना ।

तेस्रो पटक प्रकाशित मिति: २०८२।०१।२२

यस महानगरपालिका अन्तर्गत सञ्चालित तपसिलमा उल्लेखित संस्थागत विद्यालयले व्यहोरा (नाम) परिवर्तन गर्रिदिनका लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट नाम परिवर्तन गराई सोको पत्र समेत सलग्न राखी यस कार्यालयलयमा निवेदन दर्ता गरेको हुँदा शैक्षिक संस्थासँग कुनै व्यक्ति वा संघ संस्थाको कुनै किसिमको दावी विरोध भएमा यसै सूचनालाई आधार मानी आवश्यक प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र लिखित निवेदन यस महानगरपालिका शैक्षिक प्रशासन महाशाखामा पेश गर्न हुन नगर शिक्षा समितिको मिति २०८२।०१।०५ गतेको निर्णय अनुसार अनुरोध छ। अन्यथा निवेदकको माग बमोजिम भई जाने व्यहोरा जानकारी गराइन्छ।

तपसिलः

१.सरस्वती शिक्षा सेवा सदन इ.बो. स्कूल, विराटनगर म.न.पा.-१० (साविकको ठेगाना विराटनगर उप म.न.पा.-१३, मोरङ) को नाम परिवर्तन गरी अल्फा सेन्टौरी इ.बो. स्कूल, वि.म.न.पा.-१० कायम गर्न।

डाटा व्यवस्थापन तालिम सम्पन्न

विराटनगर(उस)/उच्च शिक्षामा वैज्ञानिकता, अनुसन्धान र गुणस्तरीयता अभिवृद्धि गर्ने उद्देश्यसहित विराटनगरस्थित गोग्राहा कलेजमा आयोजित 'डाटा व्यवस्थापन तथा विश्लेषण तालिम' सम्पन्न भएको छ ।

तालिममा पूर्वाञ्चल विश्वविद्यालय अन्तरगतका विभिन्न आंगिक क्याम्पसका प्राध्यापक तथा सो क्षेत्रसँग रुचि राख्ने ३० जना सहभागी थिए ।

विश्वविद्यालय अनुदान आयोग सानोठिमी भक्तपुरको सहयोगमा सञ्चालन भएको तीनदिने तालिमको समापनका अवसरमा पूर्वाञ्चल विश्वविद्यालयका उप-कुलपति प्रा.डा. विजुकुमार थपलियाले वैज्ञानिक अध्ययन प्रणालीमा डेटा

व्यवस्थापनको योगदान महत्वपूर्ण रहेको उल्लेख गर्दै सहभागीहरूलाई आफनो अध्ययन, अनुसन्धान र अध्यापनमा यसको प्रभावकारी उपयोग गर्न सुझाव दिए ।

क्याम्पस प्रमुख गोविन्दप्रसाद अधिकारीले तालिम फलदायी भएको बताउँदै आगामी दिनहरूमा पनि यस्ता तालिमलाई निरन्तरता दिने उद्घोष गरे ।

तालिममा सहभागी प्राध्यापकहरूले तालिमले नयाँ ऊर्जा थपेको अनुभव सुनाए । विराटनगर-४ का वडाध्यक्ष जीतन थापाले यस्ता किसिमका कार्यक्रम आवश्यक रहेको र आफूले पनि अन्य कार्यक्रमका लागि पहल गर्ने प्रतिवद्धता जनाए । प्रा.डा. पेशल खनाल, सह-प्राध्यापक रमेशबाबु काफले, सह-प्राध्यापक डा. कृष्ण पाण्डे र सह-प्राध्यापक टोलनाथ काफलेले तालिमको सहजीकरण गरेका थिए ।

हार्दिक श्रद्धाञ्जली

जन्म : वि.सं. १९८८/४/१५ गते
स्वर्गारोहण: वि.सं.२०८२/१/१६

स्व. भीमकुमारी कुरुम्बाङ्ग

किरात याक्थुङ्ग चम्लुङ्ग विराटनगर महानगर कार्यसमिति सदस्य श्रीमती गौरी तुम्वाहाम्फेकी आमा भीम कुमारी कुरुम्बाङ्गको असामयिक निधनले हामीलाई दुःखी बनाएको छ। उहाँको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकूल परिवारजनमा धैर्य धारण गर्न सक्ने शक्ति मिलोस् भनी भगवान श्रीपशुपतिनाथसँग प्रार्थना गर्दै समवेदना व्यक्त गर्दछौं ।

टीका नाल्बो चोङबाङ
अध्यक्ष
एवं
किरात याक्थुङ्ग चम्लुङ्ग महानगर कार्यसमिति
परिवार, विराटनगर

केई एक्सचेन्ज कार्निभल सुरुवात

विराटनगर(उस)/केई नेपालले आफनो वार्षिक 'केई एक्सचेन्ज कार्निभल २०८२' को आधिकारिक रुपमा सुरुवात गरेको छ । कार्निभलको उद्देश्य स्मार्ट र थप रमाइलो तरिकाले विद्युतीय सवारी साधनमा स्तरोन्नति गर्न प्रोत्साहित गर्नु हो । कार्निभलले सुविधा, बचत र उत्सवहरूमा केन्द्रित हुँदै इभीका पारखीहरू र उनीहरुका परिवारका लागि मनोरञ्जनसँगै केईका उत्पादनबारे जानकारी गराउने लक्ष्य राखेको छ ।

एक्सचेन्ज कार्निभलको समयमा, ग्राहकहरूले जुनसुकै ब्रान्डका आफना पुराना सवारी साधनहरू ल्याउन सक्नेछन् र उत्कृष्ट रिसेल मुल्यसहित विशेषज्ञ सवारी मूल्याङ्कन प्राप्त गर्न सक्ने छन् । यसका साथै केईले विशेष एक्सचेन्ज बोनस, नगद छुट, सडक कर र बीमाको पूर्ण कभरेज समेत प्रदान गर्नेछ । तीन विद्युतीय लाइन अप मोडेलहरू ई-क्युट ०२, ई-क्युट ०४ र एक्स ३ प्रो मार्फत केई अटोले आराम, शैली, सुरक्षा र उत्कृष्ट परफरमेन्ससहित आफना उत्पादनमा दिगो नवीनता प्रदान गरेको छ । कार्निभलमा मनोरञ्जन र संगीत, रमाइला खेलहरू र सम्पूर्ण परिवारलाई संलग्न गराउने मनोरञ्जनात्मक गतिविधिहरू हुने छन् । केई नेपालले सबै इभी प्रेमीहरू र अपग्रेड खोज्ने इभी पारखीहरूलाई परिवारसहित एक्सचेन्ज कार्निभल २०८२ मा गतिशीलता र नवीनताको यस भव्य उत्सवको हिस्सा बन्न आमन्त्रित गरेको छ ।

चीनको सिचुआन प्रान्तको यिबिन शहरमा मुख्यालय रहेको केई अटो विश्वव्यापी रूपमा मान्यता प्राप्त सवारी साधन निर्माण कम्पनी हो । केई अटोले इन्धनबाट चल्ने र विद्युतीय दुवै सवारी साधन उत्पादन गरिरहेको छ, जुन पूर्वी युरोप, मध्य पूर्व, अफ्रिका र दक्षिणपूर्व एशिया लगायत देश र क्षेत्रहरूमा निर्यात गरिन्छ । नेपालमा, केईलाई जीओ अटोमोबाइल्स प्रालि र लक्ष्मी ई-मोबिलिटी प्रालिले वितरण गर्दै आएको छ ।

नेपाल विद्युत प्राधिकरण
विराटनगर वितरण केन्द्रको

३३ के.भी. नयाँ प्रशारण लाईन सञ्चालन हुने सम्बन्धी नेपाल विद्युत प्राधिकरणको सूचना

उपरोक्त सम्बन्धमा यस वितरण केन्द्र अन्तर्गत ३३/११ के.भी. रानी सब स्टेशन देखि १३२ के.भी. बर्जु सब स्टेशनसम्म नयाँ निर्माण भएको ३३ के.भी. डबल सर्किट प्रशारण लाईन मिति २०८२/०१/२३ गते मंगलबार बिहान १०:०० बजेदेखि दुईवटै सर्किट चार्ज हुने भएकोले पोलको वरिपरि, छेउछाउ, तारको मुनी गाईवस्तु नबाँध्न तथा स्टे तार नछुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रशारण गरिएको छ। लाईन चालु भएको समयमा कहिकतै पडकेमा, आगोको झिल्को देखिएमा वा कुनै किसिमको समस्या आएमा तुरुन्त यस कार्यालय वा तपसिल अनुसारको फोन नं. मा खबर गरि दिनु हुन अनुरोध छ।

क्र.स	चार्ज हुने फिडर	मिति	समय	लाईन चार्ज हुने एरियाहरु
१.	३३/११ के.भी. रानी सब स्टेशन देखि १३२ के.भी. बर्जु सब स्टेशन सम्म डबल सर्किट प्रशारण लाईन	२०८२/०१/२३ गते	बिहान १०:०० बजे देखि	विराटनगर म.न.पा. वडा नं. १६ रानी, रिङरोड, केशलिया रोड, भीमपुर बजार हुँदै बर्जु सब स्टेशन सम्म

सम्पर्क नं. ९८६३३२९५०५, ९८४२१०१६९६

ई. सरोज कुमार
केन्द्र प्रमुख

ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

प्रकाशित मिति :२०८२/०१/२२

तपसिलमा उल्लेखित ऋणीले यस बैकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई बैकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबै पक्षलाई कर्जासूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुलउपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा असुलउपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ।

तपशिल

शाखा कार्यालय : झोराहाट

ऋणी/ धितो/ व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपूस्ते बिवरण	धितो सूरक्षणको विवरण
१.ऋणी/धितोजमानतकर्ता : प्रदेश नं. १, मोरङ्ग जिल्ला, बिराटनगर महानगरपालिका नगरकार्यपालिकाको कार्यालय, ४ नं वडा मा मिति २०७६/०२/०२ मा दर्ता नं. ४/१३११ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको रजिष्ट्रर्ड ठेगाना मोरङ्ग जिल्ला, बिराटनगर म.न.पा., वडा नं. ४ स्थित **सुनिता किराना पसल**का तर्फबाट ऐ. का प्रोप्राइटर रघुनन्दन थन्दारकी छोरी, सवारीलाल माझीकी पत्नी, नागरिकता वमोजिम सुनसरी जिल्ला, चिमडी गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, बिराटनगर म.न.पा. , वडा नं.४ बस्ने मिति २०५८/०९/०६ मा जिल्ला प्रशासन कार्यालय, सुनसरीबाट जारी गरिएको ना.प्र.प.नं. ६४७५५/६५७५५ भएकी बर्ष ४४ की **सुनीता थन्दार** । २.ऋणी/धितोजमानतकर्ता : रघुनन्दन थन्दारकी छोरी, सवारीलाल माझीकी पत्नी, नागरिकता वमोजिम सुनसरी जिल्ला, चिमडी गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, बिराटनगर म.न.पा, वडा नं.४ बस्ने मिति २०५८/०९/०६ मा जिल्ला प्रशासन कार्यालय, सुनसरीबाट जारी गरिएको ना.प्र.प.नं.६४७५५/६५७५५ भएकी बर्ष ४४ की सुनीता थन्दार । व्यक्तिगत जमानतकर्ता: नाम : सवारीलाल माझी बाबु : सत्यनारायण माझी बाजे : रक्सुलाल माझी ना.प्र.न. : ७०९६४ (जारी मिति : २०५९/०८/२३, मोरङ) ठेगाना : मोरङ्ग जिल्ला, टंकीसिनवारी गा.वि.स.,वडा नं ८ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं ४ बस्ने ।	सुनीता थन्दारको नाममा भूमिसुधार तथा मा.पो.का. बिराटनगरमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, बैजनाथपुर गा.वि.स., वडा नं. २ स्थित कि.नं. २७ को क्षेत्रफल १७६.३० व.मी. को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

कर्जा शिर्षक : व्यवसायिक चालुपूँजी कर्जा र व्यक्तिगत आवधिक कर्जा ।

एक्सेल डेभलपमेन्ट बैक लि.
Excel Development Bank Ltd.
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था (कोशी प्रदेश कार्यक्षेत्र भएको)
Birtamode, jhapa
023-533564, 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग

बीमा लेख हरायो

मिति २०८२ बैशाख ५ गते ढाटबाट पोखरीयासम्म आउँदा एलआइसि इन्स्युरेन्स कम्पनी लि. बाट जारी भएको बीमालेख हराएको हुँदा देख्नु भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनु हुन अनुरोध छ ।

नाम: कबिता बरूवाल
ठेगाना: मकवानपुर-५
बिमालेख नं: २५०८१९१७२
सम्पर्क नं: ९८१८४४७०८९

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल बैशाख महिना २२ गते सोमबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) शाखा कार्यालय : दमक शाखा — **कर्जा शिर्षक : आवास तथा मोर्टगेज कर्जा**

ऋणीको विवरण
रत्नमनि प्रसाईको नाति गंगा प्रसाद प्रसाइको छोरा तेह्रथुम जिल्ला ईवा वडा नं. ५ हाल, झापा जिल्ला दमक न.पा. वडा नं. २ बस्ने **टिका राम प्रसाई** (ना.प्र.नं. : १३९९ जारी मिति र जिल्ला : २०४२/०६/०१, झापा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) गजाधर प्रसाईको नाति रत्नमनि प्रसाईको छोरा तेह्रथुम जिल्ला ईवा गा.वि.स. वडा नं. ५ हाल, झापा जिल्ला दमक न.पा. वडा नं. २ बस्ने **गंगा प्रसाद प्रसाई** (ना.प्र.नं. : १७६४-४६८ जारी मिति र जिल्ला : २०३७/११/२८, तेह्रथुम)
२) राम प्रसाद थपलियाको छोरी रत्नमनि प्रसाईको बुहारी गंगा प्रसाद प्रसाईको पत्नी झापा जिल्ला माहारानीझोडा वडा नं. ५ हाल, दमक न.पा. वडा नं. २ बस्ने **जमुना देवी प्रसाई** (ना.प्र.नं : ३४१५/१२८ जारी मिति र जिल्ला : २०४६/०३/०७, झापा)
३) गंगा प्रसाद प्रसाईको नाति टिकाराम प्रसाईको छोरा झापा जिल्ला दमक वडा नं. २ हाल, दमक न.पा. वडा नं. २ बस्ने **प्रनेश प्रसाई** (ना.प्र.नं : ०४२०४४/२८२० जारी मिति र जिल्ला : २०६६/०५/३०, झापा)
४) टंक प्रसाद सिटौलाको छोरी गंगा प्रसाद प्रसाईको बुहारी टिका राम प्रसाईको पत्नी झापा जिल्ला दमक न.पा. वडा नं. २ बस्ने **हमला देवी सिटौला** (ना.प्र.नं : २२८३-५५३-१ जारी मिति र जिल्ला : २०४३/०९/२३, झापा)

२) शाखा कार्यालय : दमक शाखा — **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

ऋणीको विवरण
रत्नमनि प्रसाईको नाति गंगा प्रसाद प्रसाइको छोरा तेह्रथुम जिल्ला ईवा वडा नं. ५ हाल, झापा जिल्ला दमक न.पा. वडा नं. २ बस्ने **टिका राम प्रसाई** (ना.प्र.नं. : १३९९ जारी मिति र जिल्ला : २०४२/०६/०१, झापा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) गजाधर प्रसाईको नाति रत्नमनि प्रसाईको छोरा तेह्रथुम जिल्ला ईवा गा.वि.स. वडा नं. ५ हाल, झापा जिल्ला दमक न.पा. वडा नं. २ बस्ने **गंगा प्रसाद प्रसाई** (ना.प्र.नं. : १७६४-४६८ जारी मिति र जिल्ला : २०३७/११/२८, तेह्रथुम)
२) गंगा प्रसाद प्रसाईको नाति टिकाराम प्रसाईको छोरा झापा जिल्ला दमक वडा नं. २ हाल, दमक न.पा. वडा नं. २ बस्ने **प्रनेश प्रसाई** (ना.प्र.नं : ०४२०४४/२८२० जारी मिति र जिल्ला : २०६६/०५/३०, झापा)
३) टंक प्रसाद सिटौलाको छोरी गंगा प्रसाद प्रसाईको बुहारी टिका राम प्रसाईको पत्नी झापा जिल्ला दमक न.पा. वडा नं. २ बस्ने **हमला देवी सिटौला** (ना.प्र.नं : २२८३-५५३-१ जारी मिति र जिल्ला : २०४३/०९/२३, झापा)

३) शाखा कार्यालय : दमक शाखा — **कर्जा शिर्षक : सहुलियत आवधिक कर्जा**

ऋणीको विवरण
नाम : **गितान्जली ट्रेड एण्ड सप्लायर्स** व्यवसायीको नाम : हमला देवी सिटैला प्रमाण पत्र नं. : ०६-३८-००८६ दर्ता गर्ने कार्यालय : दमक नगरपालिका ६ नं. वडा कार्यालय, दमक, झापा दर्ता मिति : २०७८/०१/१५ रजिष्टर्ड ठेगाना : झापा जिल्ला दमक न.पा. वडा नं. ६ स्थायी लेखा नं. : ६१५९२९९२९
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) रत्नमनि प्रसाईको नाति गंगा प्रसाद प्रसाइको छोरा तेह्रथुम जिल्ला ईवा वडा नं. ५ हाल, झापा जिल्ला दमक न.पा. वडा नं. २ बस्ने **टिका राम प्रसाई** (ना.प्र.नं. : १३९९ जारी मिति र जिल्ला : २०४२/०६/०१, झापा)
२) टंक प्रसाद सिटौलाको छोरी गंगा प्रसाद प्रसाईको बुहारी टिका राम प्रसाईको पत्नी झापा जिल्ला दमक न.पा. वडा नं. २ बस्ने **हमला देवी सिटौला** (ना.प्र.नं : २२८३-५५३-१ जारी मिति र जिल्ला : २०४३/०९/२३, झापा)

४) शाखा कार्यालय : उर्लाबारी शाखा — **कर्जा शीर्षक : आवाश कर्जा**

ऋणीको विवरण
टिका बा. श्रेष्ठको छोरी महेन्द्र प्रसाद सिंहको बुहारी सनम कुमार सिंहको पत्नी बारा जिल्ला डुमरवाना वडा नं. ८ हाल, मोरङ्ग जिल्ला उर्लाबारी न.पा. वडा नं. ७ बस्ने **सरस्वती श्रेष्ठ** (ना.प्र.नं. : ३३३०५६/६६०, जारी मिति र जिल्ला : २०६३/१०/२०, बारा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) कनक सिंह दनुवारको नाति महेन्द्र प्र. सिंहको छोरा मोरङ्ग जिल्ला मधुमल्ला वडा नं. १ हाल, उर्लाबारी न.पा. वडा नं. ७ बस्ने **सनम कुमार सिंह** (ना.प्र.नं. : २५७००/३४२०, जारी मिति र जिल्ला : २०६२/०९/०५, मोरङ्ग)
२) जद्दु सिंहको नाति कनक सिंह दनुवारको छोरा सप्तरी जिल्ला मधुपट्टी वडा नं. ५ हाल, उर्लाबारी न.पा. वडा नं. ७ बस्ने **महेन्द्र प्रसाद सिंह दनुवार** (ना.प्र.नं. : ४९८, जारी मिति र जिल्ला : २०३३/०४/३२, सप्तरी)
३) कालिका प्र. साहको छोरी कनक सिंह दनुवारको बुहारी महेन्द्र प्रसाद सिंह दनुवारको पत्नी मोरङ्ग जिल्ला मधुमल्ला वडा नं. १ हाल, उर्लाबारी न.पा. वडा नं. ७ बस्ने **लीला देवी सिंह** (ना.प्र.नं. : २७९६/२२५७ छुट, जारी मिति र जिल्ला : २०४६/१२/८, मोरङ्ग)

५) शाखा कार्यालय : उर्लाबारी शाखा — **कर्जा शिर्षक : तीन पाङ्ग्रे सवारी साधन कर्जा**

ऋणीको विवरण
बुद्धिलाल उरामको नाति रविलाल झांगरको छोरा मोरङ्ग जिल्ला मृगौलिया वडा नं. ५ हाल, सुन्दरहरैचा न.पा. वडा नं. ३ बस्ने **सन्जिव उराम (झांगर)** (ना.प्र.नं. : ०५३०४६/७७२ जारी मिति र जिल्ला : २०६३/११/१०, मोरङ्ग)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) रविलाल झांगरको बुहारी सन्जिव उराम (झांगर)को पत्नी सुनसरी जिल्ला छिटाहा वडा नं. ५ हाल, मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा. वडा नं. ३ बस्ने **मन्जु कुमारी उराँउ** (ना.प्र.नं. : ०६३०१५/२१७३ जारी मिति र जिल्ला : २०६३/११/२६, मोरङ्ग)
२) जित बहादुर उरावको नाति सियाराम उरावको छोरा मोरङ्ग जिल्ला मृगौलिया वडा नं. ५ हाल, मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा. वडा नं. ३ बस्ने **विक्रम कुमार उराव** (ना.प्र.नं. : ०५१७७०/००६०३ जारी मिति र जिल्ला : २०७०/०२/१२, मोरङ्ग)

६) शाखा कार्यालय : धरान शाखा — **कर्जा शिर्षक : लघु उद्यम कर्जा**

ऋणीको विवरण
खम्वा सिंह कार्कीको नाति रमेश कार्कीको छोरा धनकुटा जिल्ला अखौले जितपुर वडा नं. ६ हाल, महालक्ष्मी न.पा. वडा नं. ७ बस्ने **हेम बहादुर कार्की** (ना.प्र.नं. : ०७१०३२/७३३ जारी मिति र जिल्ला : २०६७/०८/१९, धनकुटा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) भक्त बहादुर बिष्टको छोरी रमेश कार्कीको बुहारी हेम बहादुर कार्कीको पत्नी धनकुटा जिल्ला अखौले जितपुर गा.वि.स. वडा नं. ६ हाल, महालक्ष्मी न.पा. वडा नं. ७ बस्ने **शुष्मा कार्की** (ना.प्र.नं. : ०७-०१-७३-०२५२१ जारी मिति र जिल्ला : २०७३/०९/१३, धनकुटा)
२) दिप बहादुर ढकालको नाति गोविन्द्र राज ढकालको छोरा धनकुटा जिल्ला अखौले जितपुर गा.वि.स. वडा नं. ६ हाल, महालक्ष्मी न.पा. वडा नं. ७ बस्ने **राजेन्द्र ढकाल** (ना.प्र.नं. : ०७-०१-६९-०२८६१ जारी मिति र जिल्ला : २०६९/०९/०५, धनकुटा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ